# श्री विराट सामुदायिक वन उपभोक्ता समूह

हुप्सेकोट-३, [illegible], नवलपरासी(ब.सु.पु)

ईश्वरी प्रसाद रेग्मी
अध्यक्ष

प.सं.:०८३/०८४

च.नं.

मिति: २०८३/०४/०१

**विषय: सिलबन्दी बोलपत्रद्वारा वन पैदावार(काठ/दाउरा)लिलाम विक्रिको सूचना ।**

**चितवन पोष्ट दैनिकमा प्रथम पटक प्रकाशित मिति २०८३/०३/३२ गते)**

प्रस्तुत विषयमा यस सामुदायिक वन उपभोक्ता समूहले आ.व. २०८२/०८३ मा (पुर्नउत्पादन क्षेत्रबाट) संकलन गरी घाटगद्दीमा रहेका तपसिलका लटहरुको निम्न परिमाणको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम गर्नु पर्ने भएकोले प्रथम पटक यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रुपमा दर्ता तथा नविकरण भएका वन नियमावली २०७९ को नियम बमोजिम सूचिकृत भएका गोलिया काठ चिरान गर्ने स:मिल र काठ दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले **चितवन पोष्ट दैनिकमा प्रथम पटक** प्रकाशित भएको मितिले २१ औं दिनसम्म श्री डिभिजन वन कार्यालय नवलपुर र यस समूहको कार्यालयबाट बोलपत्र खरिद गरि २२ औं दिनको कार्यालय समयभित्र श्री डिभिजन वन कार्यालय नवलपुर र यस समूहको कार्यालयमा सिलबन्दी बोलपत्र दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१.लिलाम हुने गोलिया काठको विवरण

| सिं.नं. | लट/धाङ नं. | किसिम | जात | ग्रेड | थान | परिमाण(क्यू.फि.) | न्यूनतम् मूल्य | संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | गोलिया | साल | A | १९ | २५७६३ | ३,२२,०३७.५/- | १,४४,९११।३६ |
| | | गोलिया | | B | ४० | ५५८।४५ | ५,०२,६०५/- | |
| | | गोलिया | | C | ४० | २४३।४ | १,४६,०४०/- | |
| | | गोलिया | | D | १ | ।१९२ | ८७६/- | |
| | | जम्मा | | | १०० | १०६२।४ | ९,७१,५५८.५०/- | १,४४,९११।३६ |
| २ | २ | गोलिया | साल | A | २० | [illegible] | ४,२४,९७५/- | १,३६,०३९।९० |
| | | गोलिया | | B | ३७ | ४४८।२१ | ४,०३,३८९/- | |
| | | गोलिया | | C | ४० | २०७३४ | १,२४,४०४/- | |
| | | गोलिया | | D | १ | ११८३ | ५४९/- | |
| | | जम्मा | | | ९८ | ९९७३६ | ९,५३,३१७/- | १,३६,०३९।९० |

# श्री विराट सामुदायिक वन उपभोक्ता समूह

हुप्सेकोट-३, गिरुवारी, नवलपरासी(ब.सु.पु)

ईश्वरी प्रसाद रेग्मी
अध्यक्ष

प.सं.:०८३/०८४ मिति: २०८३/०४/०१

च.नं.

**विषय: सिलबन्दी बोलपत्रद्वारा वन पैदावार(काठ/दाउरा)लिलाम विक्रिको सूचना ।**

**चितवन पोष्ट दैनिकमा प्रथम पटक प्रकाशित मिति २०८३/०३/३२ गते)**

| सिं.नं. | लट/धाङ नं. | किसिम | जात | ग्रेड | थान | परिमाण(क्यू.फि.) | न्यूनतम् मूल्य | संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|
| ४ | ४ | गोलिया | साल | A | ० | ० | ० | २४,५५४।७२ |
| | | गोलिया | | B | १३ | ७८।३६ | ७०५२४/- | |
| | | गोलिया | | C | ३५ | १०१।६६ | ६०९९६/- | |
| | | गोलिया | | D | ० | ० | ० | |
| | | जम्मा | | | ४८ | १८०।०२ | १,३१,५२०/- | २४,५५४।७२ |
| ५ | ५ | गोलिया | अस्ना | A | २१ | ३८४।९९ | १५३९९६ | १,१७,१५१।२३ |
| | | गोलिया | | B | २८ | २८३।६६ | ८५०९८ | |
| | | गोलिया | | C | ३४ | १६६।४८ | १६६४८ | |
| | | गोलिया | | D | ० | ० | ० | |
| | | जम्मा साल | | | ८३ | ८३५।१३ | २५५७४२ | |
| | | गोलिया | क्यामुना | N | २ | २३।७५ | २३७५/- | |
| | | जम्मा क्यामुना | | | २ | २३।७५ | २३७५/- | |
| | | कुल जम्मा | | | ८५ | ८५८।८८ | २,५८,११७/- | |

२. यस सूचनाको संक्षिप्त सूचना **चितवन पोष्ट दैनिकमा प्रथम पटक प्रकाशित** भएको मितिले २१ औं दिनसम्म कार्यालय समयभित्र बोलपत्र वापत तोकिएको दस्तुर तिरी(पछि फिर्ता नहुने गरी)श्री डिभिजन वन कार्यालय नवलपूर र यस समुहको कार्यालयबाट खरिद गर्न सकिनेछ । बोलपत्र खरिद गर्नको लागी प्रोपराईटर आफै उपस्थित नभई प्रतिनीधि पठाएमा प्रोपराईटरको मञ्जुरीनामा निवेदन साथ अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । निवेदनसाथ आवश्यक कागजातहरु (नेपाली नागरिकताको प्रमाण-पत्र,फर्म दर्ता प्रमाण-पत्र,मु.अ.कर दर्ता वा स्थायी लेखा नं...,कर चुक्ताको प्रमाण-पत्रको प्रतिलिपी)अनिवार्य संलग्न हुनुपर्नेछ ।

३. बोलपत्र खरिद तथा दाखिला मिति:
क).**बोलपत्र खरिद मिति** :२०८३/०४/२० गते सम्म । ख)**बोलपत्र दाखिला मिति** : २०८२/०४/२१ गते दिनको कार्यालय समयभित्र ।

४. बोलपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

# श्री विराट सामुदायिक वन उपभोक्ता समूह

हुप्सेकोट-३, गिरुवारी, नवलपरासी(ब.सु.पु)

ईश्वरी प्रसाद रेग्मी
अध्यक्ष

प.सं.:०८३/०८४ मिति: २०८३/०४/०१

च.नं.

**विषय: सिलबन्दी बोलपत्रद्वारा वन पैदावार(काठ/दाउरा)लिलाम विक्रिको सूचना ।**
**चितवन पोष्ट दैनिकमा प्रथम पटक प्रकाशित मिति २०८३/०३/३२ गते)**

५. बोलपत्र साथ कवोल गरेको सकार रकमको १० प्रतिशतले हुन आउने रकम यस समूहको मुक्तिनाथ विकास बैंक लि. हुप्सेकोट शाखामा रहेको खाता नं. १०७१०२०००९२८७४००००००२ मा वा कावासोती शाखामा रहेको राष्ट्रिय वाणिज्य बैंकको खाता नं. ३२००१००००४४५१००१ मा जम्मा गरेको बैंक भौचर वा समूहको नाममा खिचिएको बैंक ड्राफ्ट वा ६ महिना अवधिको बैंक जमानत पत्र मध्ये कुनै एक समावेश हुनुपर्नेछ । बैंक भौचर,बैंक ड्राफ्ट वा जमानतको मिश्रण र नगद धरौटीलाई मान्यता दिईनेछैन ।

६. लिलाम बढाबढ हुने वन पैदावार यस समूहको घाटगद्दी स्थानमा गई हेर्न सकिनेछ ।

७. दाखिला भएको बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षरमा दुबैमा लेख्नु पर्नेछ । अंक र अक्षर फरक परे अक्षरलाई मान्यता दिईनेछ । टिपेक्स लगाएर सच्चाएको तथा केरमेट गरी पुनः लेखिएको बोलपत्र मान्य हुनेछैन ।

८. सिलबन्दी बोलपत्रमा लाहा छाप लगाईएको हुनु पर्नेछ ।लाहा छापभित्र पर्ने गरी स्टिच लगाउन पाईने छैन ।

९. श्री डिभिजन वन कार्यालय नवलपूरमा दर्ता भएका सिलबन्दी बोलपत्रहरु प्राप्त हुन आएपछि निधार्रण गरिएको न्यूनतम् संख्या र रितपुरक दर्ता भएका बोलपत्रहरु यस समूहको कार्यालयमा प्रतिनीधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा नीजको प्रतिनीधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । **बोलपत्र खोल्ने बारेको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।**

१० बोलपत्र खरिद गर्दा लट अनुसार बेग्ला बेग्लै खरिद गरी दाखिला पनि बेग्ला बेग्लै दाखिला गरी खाम बाहिर प्रष्ट लट नं. उल्लेख हुनुपर्नेछ ।

११. लिलाम स्विकृति भएको जानकारी कार्यालयको सूचनापाटीमा प्रकाशित गरिनेछ । सोको जानकारी लिने दायित्व बोलपत्र दाताको रहनेछ । बोलपत्र स्विकृत भएको सूचना प्रकाशित भएको वा जानकारी प्राप्त भएको मितिले ४५ दिनभित्र सकार गरेको रकम निर्धारण मु.अ.कर,अग्रिम आयकर र संकलन खर्च बुझाई वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ ।

१२. बोलपत्र स्विकृत गर्ने वा नगर्ने अधिकार सम्बन्धित निकायमा सुरक्षित रहनेछ ।